महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# महिला तथा बालबालिका विभाग

(आर्थिक प्रशासन शाखा)

ललितपुर

पत्र संख्या : ०७४।७५ आ.प्र.

चलानी नं : १२५

मिति: २०७४।४।३२

बिषय : आर्थिक वर्ष ०७४।७५ को बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री प्रमुख/महिला विकास अधिकृत
महिला तथा बालबालिका कार्यालय
**सबै जिल्ला**

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं १०९६ मिति २०७४।२।१६ को पत्रानुसार बजेट कार्यान्वयन गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको प.सं. ०७३।७४, च.नं. १७, मिति २०७४।४।२५ को पत्रबाट निर्देशन भए अनुसार चालु आर्थिक वर्ष २०७४।७५ को मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा संलग्न रहे अनुसारको तपाईको कार्यालयको कार्यक्रम कार्यान्वयन गर्नुहुन आर्थिक कार्यविधि नियमावली २०६४, को नियम ३२ (२) अनुसार तपाईलाई अख्तियारी प्रदान गरेको छु । LMBIS System मा उल्लेखित रकम र सोमा थपघट हुने रकमको प्रचलित कानून अनुसार निकासा लिई खर्च गर्ने/गराउने, त्यस्तो खर्चको स्रेस्ता राख्ने र लेखा परीक्षण गर्ने गराउने तथा प्रतिवेदन पठाउने जिम्मेवारीसमेत तपाईको हुनेछ ।
आ.व. २०७४।७५ को बजेट कार्यान्वयन सम्बन्धी अर्थ मन्त्रालयको संलग्न मार्गदर्शन र यस विभागको थप मार्गदर्शन समेत कार्यान्वयनको व्यवस्था मिलाउनु हुन समेत अनुरोध गर्दछु ।

नरेशकुमार चापागाई
महानिर्देशक

**बोधार्थ:**

श्री महालेखा परीक्षकको कार्यालय, महिला, बालबालिका तथा वातावरण निर्देशनालय, बबरमहल ।
श्री महालेखा नियन्त्रक कार्यालय, बजेट कार्यान्वयन शाखा, अनामनगर ।
श्री महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, (आ.प्र.शाखा) ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
**सबै जिल्ला**